# भाग ५

## नेपाल सरकार
## कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको

### सूचना १

नेपाल सरकारले न्याय प्रशासन ऐन, २०७३ को दफा ५ बमोजिम न्याय परिषद्को परामर्शमा उच्च अदालत विराटनगर, अस्थायी इजलास ओखलढुङ्गाको प्रादेशिक अधिकारक्षेत्र अन्तर्गत रहेको उदयपुर जिल्लालाई उच्च अदालत विराटनगरको प्रादेशिक अधिकारक्षेत्र अन्तर्गत तोकेकोले यो सूचना प्रकाशन गरिएको छ ।

### सूचना २

नेपाल सरकारले न्याय परिषद्को परामर्शमा उच्च अदालत विराटनगर, अस्थायी इजलास ओखलढुङ्गामा न्याय प्रशासन ऐन, २०७३ दफा ८ बमोजिम दायर भई छिन्न बाँकी रहेका उदयपुर जिल्लाको प्रादेशिक क्षेत्र भित्रका सम्पूर्ण मुद्दा, निवेदन र प्रतिवेदन तथा सोसँग सम्बन्धित मिसिल, प्रमाण तथा अभिलेख र त्यसरी दायर भई कारबाही र किनारा भईसकेका मुद्दा, निवेदन र प्रतिवेदनसँग सम्बन्धित मिसिल, प्रमाण तथा अभिलेख उच्च अदालत विराटनगरमा सार्ने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

**आज्ञाले,**
**उदयराज सापकोटा**
**नेपाल सरकारको सचिव ।**



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।